# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) माकादुम, रामेछाप, साउन १ गते, २०७५ साल (संख्या ३

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको ऐन नं. ३**

**<u>स्थानीय शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन</u>**

खाँडादेवी गाउँपालिका

**<u>प्रस्तावनाः</u>** स्थानीय शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " स्थानीय शिक्षा (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. स्थानीय शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा १ मा संशोधनः**

स्थानीय शिक्षा ऐन, २०७४ ( यसपछि "मूल ऐन" भनिएको) को दफा १६ को उपदफा १ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) गाउँ शिक्षा समितिमा प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ख२) नेपाल शिक्षक महासंघको स्थानीय समितिका अध्यक्ष वा प्रतिनिधि -सदस्य "

**३. मूल ऐनको दफा १६ को उपदफा ४ मा संशोधनः**

मूल ऐनको दफा १६ को उपदफा ४ को खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छ :-

" (न१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय अन्तर्गत कक्षा ५ सम्मका आधारभूत विद्यालयमा भौगोलिक विकटताको

बाह्रदशी गाउँपालिका

आधारमा दरवन्दी कायम गर्ने र कक्षा ६ देखि कक्षा ८ सम्म तथा माध्यमिक विद्यालयहरुलाई विषयगत आधारमा संघीय सरकारद्वारा उपलब्ध दरवन्दी वितरण र मिलान गर्ने।"

**सभाबाट पारित मितिः २०७५।०३।३०**
**प्रमाणीकरण मितिः २०७५।०४।०१**

**आज्ञाले,**
**विष्णु प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.५।-